**सूचनाको हक सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ को दफा ५ को उपदफा (३) को देहाय (क) देखि (ङ) सम्ममा व्यवस्थित एकीकृत सूचनाहरुको स्वतः प्रकाशन**

(स्वतः प्रकाशन (२०७९ कार्तिक १ देखि २०७९ पौष मसान्त सम्म)

**(१) स्थानीय तहको स्वरुपः**

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७१।०१।२५ को निर्णयानुसार साविकका रुम्जाटार, बर्नालु, ओखलढुङ्गा, ज्यामिरे, सल्लेरी र अँधेरी नारायणस्थान समेतका ६ वटा गाउँ विकास समितिहरु गाभेर घोषणा भई कार्यान्वयनमा आएको साविक सिद्धिचरण नगरपालिकामा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मितिः २०७३।११।०९ मा स्थानीय तह कार्यान्वयन सम्वन्धी भएको निर्णय अनुसार साविकका तलुवा, ठूलाछाप, जन्तरखानी, विगुटार र बेतिनी गाउँ विकास समितिहरु र बरुणेश्वर गाउँ विकास समितिको वार्ड नं.९ समेतलाई गाभि सिद्धिचरण नगरपालिका घोषणा भई कार्यान्वयनमा आएको हो । यस नगरपालिकाको संक्षिप्त स्वरुप तपसिल अनुसार रहेको छ ।

**जनसंख्याः** २८३७४

**क्षेत्रफलः** १६७.८८ वर्ग कि.मि.

**केन्द्रः** साविक सिद्धिचरण नगरपालिकाको कार्यालय

**वडा संख्याः** १२

**सीमानाः**

**पूर्वः** चिसङ्खुगढी गाउँपालिका

**पश्चिमः** मोलुङ् गाउँपालिका

**उत्तरः** खिजीदेम्बा गाउँपालिका र सोलुखुम्बू जिल्ला

**दक्षिणः** मानेभञ्ज्याङ् गाउँपालिका

**वडा विभाजन**

| हाल कायम भएको वडा नं. | समावेश भएका साविकका गा.वि.स./न.पा.हरु | साविक वडा नं. |
|---|---|---|
| १ | तलुवा गा.वि.स. | १-९ |
| २ | ठूलाछापगा.वि.स. | १-९ |
| ३ | सिद्धिचरण नगरपालिका | १० र ११ |
| ४ | सिद्धिचरण नगरपालिका | १२ र १३ |
| ५ | सिद्धिचरण नगरपालिका | १ र २ |
| ६ | जन्तरखानी गा.वि.स. | १-९ |
| ७ | विगुटार गा.वि.स. | १-९ |
| | वरुणेश्वर गा.वि.स. | ९ |
| ८ | सिद्धिचरण नगरपालिका | ८ र ९ |
| ९ | सिद्धिचरण नगरपालिका | ६ र ७ |
| १० | बेतिनि गा.वि.स. | १-९ |
| ११ | सिद्धिचरण नगरपालिका | ३ र ४ |
| १२ | सिद्धिचरण नगरपालिका | ५ |

**(२) नगरपालिकाको केन्द्रदेखी वडा कार्यालय सम्मको दूरी, वडा कार्यालय रहेको स्थानको अक्षांश,देशान्तर र समुद्री सतहदेखीको उँचाई सम्बन्धी बिवरणः**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | नगरपालिकाको केन्द्रबाट दूरी (कि.मि.) | अक्षांश | देशान्तर | समुद्री सतहबाट उँचाई (मिटर) |
|---|---|---|---|---|---|
| १ | तलुवा | १७ | २७°१४'३४.३३" | ८६°४४'४९.७५" | १०१४ |
| २ | ठुलाछाप | १४ | २७°१५'२३.९७" | ८६°३४'११.१५" | १४१७ |
| ३ | नारायणस्थान | ६ | २७°१७'११.१२" | ८६°३१'२८.५०" | १६२८ |
| ४ | रुम्जाटार | ११ | २७°१८'१३.८०" | ८६°३२'५४.२२" | १३३६ |
| ५ | बर्नालु | ६ | २७°१९'४३.०१" | ८६°३२'१६.११" | १६५० |
| ६ | जन्तरखानी | २३ | २७°२३'५२.५०" | ८६°३०'५३.१३" | २५०२ |
| ७ | बिगुटार | १३ | २७°२१'२०.२७" | ८६°२९'१६.७५" | १५३५ |
| ८ | सल्लेरी | ८ | २७°२२'२९.९५" | ८६°३१'१४.९९" | १५२४ |
| ९ | ज्यामिरे | ६ | २७°१८'२२.५९" | ८६°२८'३४.३१" | १४३६ |
| १० | बेतिनी | ११ | २७°१७'२१.३७" | ८६°२८'१५.०३" | १२८६ |
| ११ | ओखलढुङ्गा | २ | २७°१८'२८.७४" | ८६°३०'१५.७२" | १६६२ |
| १२ | ओखलढुङ्गा | ० | २७°१८'१३.६१" | ८६°३२'५४.०२" | १७१५ |

**(३) सूचना अधिकारी र प्रमुखको नाम थर र पदः**

**सूचना अधिकारीको:**

नाम: सुस्मा आचार्य

पद: अधिकृत छैठौं तह

सम्पर्क नं. : ९८५२८४३३३३

Email : acharyasusma66@gmail.com

**कार्यालय प्रमुखको:**

नाम: बलराम लम्साल

पद: प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ९८५२८२३१११

Email : imaginebarun@gmail.com

**(४) सूचना माग हुन आएको र उपलब्ध गराइएको सूचना सम्बन्धि बिवरणः**

१. सूचना माग भएको संख्याः १

२. सूचना उपलब्ध गराइएको संख्याः १

## ५. ११ औं नगर सभाको बैठक
**मिति : २०७९।९।२४**

**आरम्भ सत्रको कार्यक्रम :**

१. सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका सभाध्यक्ष श्री तेजन खनालज्यूको बैठक हलमा आगमन हुनसाथ सभाका उपाध्यक्ष, सदस्य र कर्मचारीहरु आ-आफ्नो स्थानमा उठेर सम्मान ब्यक्त गरी राष्ट्रिय धुन बजाइयो ।

२. सम्मान ब्यक्त गरी राष्ट्रिय धुन बजे पश्चात नगर प्रमुख श्री तेजन खनालज्यूले सभाप्रति सम्मान प्रकट गरी ११ औं नगर सभाको सभाध्यक्षको आशन ग्रहण गर्नु भयो ।

३. सभाध्यक्षको आशन ग्रहण पश्चात आ-आफ्नो स्थानमा उठेर ज्ञात-अज्ञात शहिदहरु प्रति १ मिनेट मौन धारण गरियो ।

४. कार्यसूची प्रस्तुतः
सभाध्यक्षको निर्देशन बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री बलराम लम्सालले प्रदेश नं. १ सरकारबाट जारी गरिएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा १८ बमोजिम ११ औं नगर सभा बैठकको तपसिल अनुसारको कार्यसूची प्रस्तुत गर्नु भयो ।

### कार्यसूची र समय तालिका

बैठक संख्या : ११ औं
मिति : २०७९/०९/२४
बैठक स्थान : सिद्धिचरण नगरपालिकाको सभाहल, ओखलढुङ्गा
अध्यक्षता : नगर प्रमुख श्री तेजन खनाल

| सि.नं. | कार्यसूची | प्रस्तुतकर्ता | समय |
|---|---|---|---|
| १ | आ.व. ०७९/८० को बजेट कार्यक्रमको अर्धवार्षिक समीक्षा | नगर प्रमुख | विहान ११:३०वजे |
| २ | संशोधित विनियोजन अध्यादेश प्रस्तुत | उपप्रमुख | दिउसो १२:१०वजे |
| ३ | प्रस्तुत संशोधित विनियोजन अध्यादेश माथि छलफल | | दिउसो १२:४० वजे |
| ४ | संशोधित विनियोजन अध्यादेश निर्णयार्थ पेश | नगर प्रमुख | दिउसो १२:४५ वजे |
| ५ | नीतिगत निर्णयहरु प्रस्तुत | नगर प्रमुख | दिउसो १२:५५ वजे |
| ६ | प्रस्तुत नीतिगत निर्णयहरु माथि छलफल | | दिउसो १:१० वजे |
| ७ | नीतिगत निर्णयहरु निर्णयार्थ पेश | | दिउसो १:१५वजे |

५. सभाध्यक्षले ११ औं नगर सभा समक्ष प्रस्तावित कार्यक्रम तथा बजेट र चालु आर्थिक वर्षमा स्वीकृत भएका कार्यक्रमहरुको संशोधित विवरण प्रस्तुत गर्न सभाका उपाध्यक्ष एवं उपप्रमुख श्री केदारबाबु बस्नेतलाई समय दिनु भयो ।

**६. सभाध्यक्ष एवं नगर प्रमुखबाट गरिएको सम्बोधन :**

नगरपालिकाका उपप्रमुखज्यू,

नगर सभाका सदस्यज्यूहरु, उपस्थित राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मीहरु तथा अन्य महानुभावहरु ।

यस नगरपालिकाको ११ औं नगर सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका नगर सभाका सभासदज्यूहरु, कर्मचारी, सञ्चारकर्मी र अन्य महानुभावहरुमा सिद्धिचरण नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

सर्वप्रथम म लोकतान्त्रिक गणतन्त्रात्मक राजनैतिक व्यवस्था प्राप्तिका लागि विभिन्न चरणमा भएको जनआन्दोलन तथा शान्तिपूर्ण आन्दोलनमा आफ्नो अमूल्य जीवनलाई बलिदान गर्ने आदरणीय वीर शहीदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

आन्दोलनका घाइते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। कठिन परिस्थितिहरुमा पनि त्याग र नेतृत्व प्रदान गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

प्रदेश नं. १ सरकारबाट जारी गरिएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम नगर कार्यपालिकाको परामर्शमा यस नगरपालिकाको ११ औं नगर सभा आरम्भ गरिएको छ ।

संविधानको धारा २२१ को उपदफा (१) मा संविधानको अधिनमा रही स्थानीय तहको व्यवस्थापकीय अधिकार नगर सभामा निहित हुने, सोही धाराको उपधारा (२) ले गाउँ र नगर सभाको व्यवस्थापकीय अधिकार अनुसूची-८ र ९ बमोजिम स्थानीय तहलाई प्राप्त हुने संवैधानिक अधिकारहरु कार्यान्वयनका लागि विभिन्न स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु जारी गरी कार्यान्वयनमा ल्याई सकिएको र आवश्यकताको आधारमा थप स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरुको मस्यौदा तयारी गर्ने कार्य जारी नै रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम वर्षको दुई पटक आव्हान गरिने नियमित अधिवेशनहरु मध्ये कार्यविवरणको आधारमा असार १० गते आव्हान गरिने अधिवेशन वार्षिक नीति बजेट र कार्यक्रम उपरको छलफल तथा निर्णयमा केन्द्रित हुने र सो अधिवेशनको समाप्ति मितिले अधिकतम आठ महिनाको अवधिमा आव्हान गरिने अधिवेशनमा मूलतः उक्त आ.व. को लागि स्वीकृत वार्षिक नीति, बजेट, कार्यक्रम कार्यान्वयनबाट हासिल भएको प्रगति, कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्या एवं चुनौतिहरुको समीक्षा, संशोधन प्रस्तावहरु उपरको छलफल तथा नीतिगत निर्णयहरुमा केन्द्रित रहने व्यहोरा सम्मानित सभालाई अवगत गराउँदै अब म सम्मानित ११ औं नगर सभामा चालु आ.व.को हालसम्मको प्रगति तथा समीक्षा प्रस्तुत गर्दछु ।

आ.व. २०७९।८० मा कूल विनियोजन बजेट रु.७० करोड ७६ लाख ४३ हजार ९ सय (सामाजिक सुरक्षा बाहेक) मध्ये हालसम्म रु.२२ करोड ६ लाख खर्च भएको छ । जसमध्ये चालु खर्च रु.१८ करोड ७० लाख ७२ हजार (३९ प्रतिशत) र पूँजीगत खर्च रु.३ करोड ३५ लाख ३९ हजार (१४.५६ प्रतिशत) खर्च भई हालसम्म ३१.१७ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

अब म विषयगत तथा क्षेत्रगत वित्तीय तथा भौतिक प्रगति सम्मानित सभा समक्ष पेश गर्दछु,

**शिक्षा, युवा तथा खेलकुद शाखा तर्फः** विद्यालयमा विद्युतीय हाजिर जडान, पाठ्यक्रम प्रविधिकरण तालिम लगायतका शैक्षिक सुधारका कार्यक्रम सम्पन्न भएका छन् भने हालसम्म विनियोजित बजेट मध्ये सशर्त तर्फ ५२.८७ प्रतिशत वित्तीय र ६३.५० प्रतिशत भौतिक प्रगति हासिल भएको छ भने निशर्त तर्फ विनियोजित बजेटको ४१.५ प्रतिशत वित्तीय र ७६.७ प्रतिशत भौतिक प्रगति हासिल भएको छ ।

**महिला, बालाबालिक तथा समाज कल्याण उप-शाखा तर्फ :** ज्येष्ठ नागरिक बीच अनुभव साटासाट कार्यक्रम, ज्येष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण सम्बन्धी कार्यक्रम वडा नं. ४, वडा नं. ११ र वडा नं. १२ मा सञ्चालन गरिएको र बिषयगत संरक्षण सम्बन्धी कार्यमक्रम सञ्चालन भएको छ भने हालसम्म विनियोजित बजेटको २१ प्रतिशत वित्तीय प्रगति र भौतिक प्रगति २६ प्रतिशत हासिल भएको छ ।

**पशुसेवा शाखा तर्फः** १३५ वटा गाई/भैंसीलाई पशु कृत्रिम गर्भाधान सेवा वितरण गरिएको छ । HART Nepal र यस नगरपालिकाको साझेदारी कार्यक्रममा १२९ वटा कुकुरलाई बन्ध्याकरण गरी सामुदायिक कुकुरलाई व्यवस्थापन गर्ने प्रयास गरिएको छ भने चालु आ.व.मा विनियोजन बजेट मध्ये ३० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

**कृषि विकास शाखा तर्फः** चालु आ.व.मा रासायनिक मलको लागि सहकारी छनौट भई रासायनिक मल व्यवस्थापन कार्यलाई व्यवस्थित गरी कृषकले समयमै रासायनिक मल पाउने अवस्थालाई सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

**कानून, न्याय तथा मानव प्रवर्द्धन शाखा तर्फः** मेलमिलाप कार्यकर्ताहरुको क्षमता अभिबृद्धि कार्यक्रम सम्पन्न भएको छ भने न्यायिक समितिमा हालसम्म ४ वटा उजुरी दर्ता भई प्रक्रियामा रहेका छन् ।

**योजना तथा अनुगमन उप-शाखा तथा पूर्वाधार विकास शाखा तर्फ** : स्रष्टापार्कमा निर्माणधीन पार्कको निर्माण कार्य करिब ७० प्रतिशत भौतिक प्रगति हासिल भई चालु आ.व.मा सम्पन्न हुने चरणमा रहेको छ भने नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको चरणमा छ । त्यसैगरी लैंगिक हिंसाबाट पीडित महिला बालबालिकाहरुको आवास गृह निर्माण कार्य सम्पन्न चरणमा छ । साना सिंचाई तर्फ १० वटा आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन सम्पन्न भई निर्माणको लागि सम्झौता तथा कार्यान्वयनको चरणमा छ भने वडा नं. ५, वडा नं. ७, वडा नं. ११ र वडा नं. १२ का वडा कार्यालय भवनहरुको निर्माण कार्य करिव ४० प्रतिशत सम्पन्न भएको छ ।

आ.व.०७९/८० मा प्रदेश सरकारको समपूरक साझेदारीमा सञ्चालन हुने मिलनचोक खाद्य गोदाम-जिल्ला प्रशासन-हुलाक डाँडा-कृष्ण मन्दिर-साल्मे खोरिया-रमाईलो डाँडा सडकको ठेक्का व्यवस्थापन भई करिव ५० प्रतिशत कार्य सम्पन्न भएको छ, त्यसैगरी पारादोभान-मिलनचोक-ओखलढुङ्गा-तलुवा सडक स्तरोन्नतीको कार्यको ठेक्का व्यवस्थापन भई कार्य आरम्भ भएको छ ।

**वडास्तरीय योजना तथा पूर्वाधार विकास तर्फ** : ३१.२८ प्रतिशत भौतिक प्रगति र १३.२८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ भने नगरपालिका तर्फ विनियोजित रकमको भौतिक प्रगति ३५.७७ प्रतिशत र वित्तीय प्रगति १२.८८ प्रतिशत हासिल भएको छ ।नगर तथा वडास्तरीय २४९ वटा स्वीकृत योजनाहरु मध्ये १२५ वटा सम्झौता भई सञ्चालनमा रहेका छन् भने २५ वटा योजनाहरु सम्पन्न भइसकेका छन् ।

आ.व.०८०/०८१ को लागि संघीय समपूरक तथा विशेष अनुदानको लागि ३/३ वटा योजना माग गर्नको लागि योजना सर्वेक्षण सम्पन्न भई प्रस्तावको लागि तयारी गरिएको छ ।

सम्मानीत सभाका सदस्यज्यूहरु,

**स्वास्थ्य शाखा तर्फः** चालु आ.व. मा वार्षिक समीक्षा कार्यक्रम, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, स्तनपान सप्ताह लगायतका जजचेतनामूलक कार्यका साथसाथै २५ वर्ष भन्दा माथिका विवाहित महिलाहरुको पाठेघरको क्यान्सर सम्बन्धी स्क्रिनिङ क्याम्प नेपाल सशस्त्र प्रहरी बल बलम्बु अस्पताल काठमाण्डौंका विशेषज्ञहरुको उपस्थितिमा सम्पन्न हुनका साथै सिद्धिचरण नगरपालिका वडा नं. ७ विगुटारको दुर्गमस्थल गोर्जाभस्मेमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ भने स्वास्थ्य तर्फको भौतिक प्रगति २६ प्रतिशत र वित्तीय प्रगति १८ प्रतिशत रहेको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः** विशेष कामका लागि पारिश्रमिक कार्यक्रम अन्तर्गत ७६ वटा योजना नगर कार्यपालिकाबाट छनौट भई उक्त योजनाहरुको लागत सर्वे तथा लागत अनुमान तयारीको काम सम्पन्न हुने चरणमा रहेका छन् ।

**सामाजिक सुरक्षा तर्फः** प्रथम त्रैमासिक भत्ता वितरण ज्येष्ठ नागरिक (अन्य) २०८२ जना, ज्येष्ठ नागरिक दलित १५९ जना, ज्येष्ठ नागरिक एकल महिला (६० वर्ष माथि) २६५ जना, विधवा (६० वर्ष मुनि) ३७३ जना, पूर्ण अपाङ्गता (क वर्ग) ७२ जना, अति अशक्त अपाङ्गता (ख वर्ग) १३४ जना, र दलित बालबालिका (५ वर्ष मुनि) ३३१ जना गरी जम्मा ३४१८ जना लाभग्राहीहरुलाई रु.३ करोड २५ लाख ६० हजार १० रुपैंया वितरण गरिएको छ। सामाजिक सुरक्षा तर्फको वित्तीय प्रगति २५% रहेको छ।

**व्यक्तिगत घटना दर्ता तर्फः** नगरपालिकाको १२ वटै वडामा हालसम्म दर्ता भएका घटना दर्ता मध्ये जन्म दर्ता तर्फ पुरुष २१३ जना, महिला १७९ जना गरी जम्मा ३९२ जना, मृत्यु दर्ता तर्फ पुरुष ८५ जना, महिला ६१ जना गरी जम्मा १४६ जना, सम्बन्ध विच्छेद ११ जोडी, विवाह दर्ता जम्मा १६३ जोडि, बसाईसराई सरी जाने संख्या २६५ जना र बसाई सरी आउने ६९ जना गरी जम्मा घटना दर्ता तर्फ ११६३ जनाको दर्ता भएका छन्।

सभाका सदस्यज्यूहरु,

क्षेत्रगत तथा समष्टिगत योजना तथा कार्यक्रमहरु कार्ययोजना अनुसार सम्पन्न हुन सकेका छैनन् । समयमा समिति गठन नहुनु, अन्तिम समयमा काम गर्ने हाम्रो संस्कृति योजना निर्माणमा क्रियाशिल हुने तर कार्यान्वयनमा तत्परता नदेखाउने पद्धति आदि जस्ता कारणले कार्ययोजना अनुसार काम नभएको हुँदा समयमा नै हाम्रा कार्यक्रम तथा योजना कार्यान्वयन गर्न सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु, नागरिक समाज र सम्बद्ध सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

तेजन खनाल

२४ पौष, २०७९ नगर प्रमुख

७. नगर सभाका उपाध्यक्ष एवं उपप्रमुखबाट गरिएको मन्तव्य तथा विनियोजन विधेयकमा भएका संशोधन सहितको अध्यादेश प्रस्तुत :

११ औं नगर सभाका श्रद्धेय सभाध्यक्ष एवं नगर प्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,
नगर सभामा उपस्थित कर्मचारी, पत्रकारज्यूहरु तथा सहभागी अन्य महानुभावहरु ।

१ नं. प्रदेश सरकारले बनाएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम आव्हान गरिएको यस नगरपालिकाको ११ औं नगर सभाको आरम्भ सत्रमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरुमा जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट व्यक्त गर्दै यस सभामा सहभागी सबै मानुभावहरुमा आयोजक तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको अधिवेशन सामान्यतया वर्षमा दुई पटक बोलाउने र अन्त्य गर्ने र त्यस्तो सभाको एउटा नियमित अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि आठ महिना भन्दा बढी हुनु नहुने व्यवस्था भए बमोजिम हिउँदे अधिवेशनको रुपमा यस नगरपालिकाको ११ औं अधिवेशनको आव्हान गरिएको छ ।

सभाध्यक्षज्यू,
अब म यस सम्मानित सभा समक्ष विनियोजन विधेयकमा भएका संशोधन सहितको अध्यादेश प्रस्तुत गर्दछु ।

**विनियोजन विधेयक,२०७९**

सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको आर्थिक बर्ष २०७९।८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना :

सिद्धिचरण नगरपालिका ओखलढुङ्गा २०७९।८० को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सिद्धिचरण नगरपालिका, ओखलढुङ्गाको नगर सभाले यो ऐन बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भः
   क) यस ऐनको नाम "सिद्धिचरण नगरपालिका, ओखलढुङ्गाको विनियोजन ऐन, २०७९" रहनेछ।
   ख) यो ऐन, नगर सभाबाट पारित भएपछि लागु हुनेछ।

२) विनियोजनः

क) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष ०७९।८० को निमित्त सिद्धिचरण नगरपालिका, ओखलढुङ्गाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यको निम्ति विनियोजन गरिनेछ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएपनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा सार्न तथा खर्च लेख्न सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षक बाहेक अन्य चालु खर्च शीर्षकतर्फ निकासा सार्न वा खर्च लेख्न सकिने छैन। तर चालु वा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएपनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

सभाध्यक्षज्यू,

आज हुन गइरहेको यस सम्मानित नगर सभामा चालु आ.व.को स्वीकृत नीति, बजेट तथा कार्यक्रमको समीक्षा र संशोधित कार्यक्रम तथा बजेट माथि केन्द्रित हुने हुँदा सभाका सदस्यज्यूहरु, कर्मचारी, पत्रकारज्यूहरु तथा सहभागी अन्य महानुभावहरु सक्रिय सहभागिताका लागि सबैमा अनुरोध गर्दै समय उपलब्ध गराउनु भएकोमा सभाध्यक्षज्यू प्रति हार्दिक आभार ब्यक्त गर्दै मेरो भनाईहरु अन्त्य गर्दछु ।

धन्यवाद ।

केदारबाबु बस्नेत
नगर उपप्रमुख

२४ पौष, २०७९

६. सिद्धिचरण नगरपालिकाको ११ औं नगर सभा समक्ष पेश भएको संशोधन प्रस्ताव उपर छलफल गरी तपसिल बमोजिमको बजेट तथा कार्यक्रमहरु संशोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

वडास्तरी योजना/कार्यक्रम तथा बजेट

| क.सं. | बजेट/कार्यक्रमको क्षेत्र | साविकमा स्वीकृत कार्यक्रम तथा बजेट | | संशोधन गरिएको योजना/कार्यक्रम तथा बजेट | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट |
| १ | १ नं.वडा स्तरीय कार्यक्रम | शिक्षक व्यवस्थापनको लागि विद्यालयलाई अनुदान | ५००००० | जनचेतना मा.वि. भोर्लेको लागि शिक्षक तलब भत्ता | ३००००० |
| | | | | सप्तकन्या आ.वि.को लागि लागि शिक्षक तलब भत्ता | ७०००० |
| | | | | कर्कला आ.वि. नाल्सुको लागि शिक्षक तलब भत्ता | ७०००० |
| | | | | सप्तकन्या आ.वि. (बालविकास केन्द्र) को लागि शिक्षक तलब भत्ता | ६०००० |
| | | खानेपानी, सिंचाई पोखरी मर्मत तथा पाईप खरिद | ८००००० | खानेपानी पाइप खरिद | ४००००० |
| | | | | जलधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना (प्लाष्टिक पोखरी निर्माण ३० वटा) कार्यक्रम | २००००० |
| | | | | बाह्चादे खानेपानी आयोजना (स्वयंसेवी अभियान नेपाल सँगको समन्वयमा कार्यक्रम) | २००००० |
| | | वडा स्थित विभिन्न सडक मर्मत | ७५०००० | पहरेबेशी देखि तिनपिप्ले हुँदै उपल्टार जोड्ने मोटरबाटो मर्मत | ७५०००० |
| २ | २ नं.वडा स्तरीय कार्यक्रम | शिक्षक व्यवस्थापनको लागि विद्यालयलाई अनुदान | ५००००० | कडेनी मा.वि. खनियाखर्क शिक्षक तलब भत्ता | २००००० |
| | | | | आनन्देश्वर आ.वि. चापाबोट शिक्षक तलब भत्ता | १००००० |
| | | | | जानुका आ.वि. बानियाछाप शिक्षक तलब भत्ता | १००००० |
| | | | | कालिका आ.वि. चुहान्छाप | १००००० |
| | | कृषि प्रबर्द्धनको लागि रसायनिक मल खरिद बिउँ पूँजी सहकारी मार्फत | २००००० | आकस्मिक कार्यको लागि भैपरी आउने खर्च तथा वडा कार्यालय व्यवस्थापन | २००००० |
| | | ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिको सम्मान तथा महिला सशक्तिकरणको लागि व्यावसायिक सीप विकास तालिम (महिला सहकारी मार्फत) | २००००० | ज्येष्ठ नागरिक/अपाङ्गता भएको व्यक्ति र वडाको विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तिहरुको सम्मान तथा सशक्तिकरणका विविध कार्यक्रम | २००००० |
| | | वडा स्थित विभिन्न सडक मर्मत | ३००००० | वडा स्थित विभिन्न सडक मर्मत/निर्माण | ३००००० |
| ३ | ३ नं.वडा स्तरीय कार्यक्रम | बासबोट क्लब भवन मर्मत | २००००० | बाँसबोट सडक मर्मत | २००००० |
| | | दिपज्योती क्लब घर मर्मत | ३००००० | दिपज्योती क्लब घर निर्माण | ३००००० |
| | | महिला समूह लामिस्वती बाध्यवाधक सामग्री खरिद | १००००० | जाल्पादेवी गुठी भवन निर्माण लामिस्वती | १००००० |
| | | विपद व्यवस्थापन तथा इन्धन खरिद | ६००००० | भैपरी आउने खर्च तथा इन्धन खरिद | ६००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बालविकास आधारभूत विद्यालय अधेरी नारायणस्थान | १०००० | बालविकास आधारभूत विद्यालय अधेरी नारायणस्थान शिक्षक तलब भत्ता | १०००० |
| | | लामिस्वती आधारभूत विद्यालय लामिस्वती व्यवस्थापन | १५०००० | लामिस्वती आधारभूत विद्यालय लामिस्वती व्यवस्थापन शिक्षक तलब भत्ता | १५०००० |
| ४ | ४ नं.वडा स्तरीय कार्यक्रम | ठुलो ढिक चौतारा स्तरोन्नती | ३००००० | चार्खु जाने कर्कलेमा  मोटरबाटो स्तरोन्नती | ३००००० |
| ५ | ५ नं.वडा स्तरीय कार्यक्रम | राज्यलक्ष्मी मा.वि. लाई फर्निचर निर्माण | १००००० | राज्यलक्ष्मी मा.वि. मा चेनगेट निर्माण | १००००० |
| | | सानीटार नेचा सडक खण्डबाट खोला घर जाने सडक निर्माण | २००००० | लुतापुबाट खोलाघर सडक निर्माण | २००००० |
| ६ | ६ नं.वडा स्तरीय कार्यक्रम | कार्यालयको लागि ल्यापटप, प्रिन्टर र विद्युतीय ब्याकअप | ३००००० | ठूलोचौर टक्सारचौर मोटरबाटो निर्माण | १५०००० |
| | | | | बन्दना सिंहदेवी आ.वि. बाखे खेलमैदान मर्मत | १५०००० |
| | | विभिन्न दैवीप्रकोप विपद व्यवस्थापन | १५०००० | थार्तिङ गुम्बा आ.वि. नलिडाँडा छाना मर्मत | ५०००० |
| | | | | नमूना स्वास्थ्य अमा समूह सञ्चाल | ५०००० |
| ७ | ७ नं.वडा स्तरीय कार्यक्रम | भङ्गेरी चौतारा निर्माण | ५०००० | विगुटार मा.वि. हुँदै भुजेल गाउँ ठाडो सडक निर्माण | ३००००० |
| | | जलेश्वरी मन्दिर निर्माण | १००००० | | |
| | | विगुटार मा.वि. ढल तथा सडक सोलिङ | १००००० | | |
| | | तारेभिर तल्लो गैरी घोडेटो बाटो मर्मत | ५०००० | | |
| | | सिपमूलक विद्युत प्लम्पिङको तालिम | १००००० | बेमौसमी तरकारी खेति तालिम | ५०००० |
| | | | | सिपमूलक विद्युत तालिम | ५०००० |
| | | अपाङ्ग, दलित लगायत लक्षित वर्गको लागि सीपमूलक तालिक | १५०००० | दलित बस्तीमा खानेपानी धारा निर्माण | १५०००० |
| | | विभिन्न दैवीप्रकोप विपद व्यवस्थापन | १५०००० | नागरिक अभिमूखीकरण तथा सचेतना कार्यक्रम | १५०००० |
| | | विगुटार मा.वि. स्टेशनरी तथा प्राविधिक शिक्षा आवश्यक पुस्तक खरिद | ५००००० | विगुटार मा.वि. शिक्षक तलब भत्ता | ५००००० |
| ८ | ८ नं.वडा स्तरीय कार्यक्रम | चम्पादेवी समाज भवन र वडाको लागि फाउण्डेशन | १५०००० | वडाको प्राङ्गणमा सुरक्षित वाल निर्माण | १५०००० |
| | | संस्कृति संरक्षण | ५००००० | चम्पापदेवी मा.वि. को शिक्षक तलब भत्ता | १७१००० |
| | | | | संस्कृति संरक्षण कार्यक्रम | ३२९००० |
| ९ | ९ नं.वडा स्तरीय कार्यक्रम | किसान प्रोत्साहन पुरस्कार तथा दलित जातीको आयआर्जन कार्यक्रम | १५०००० | किसान प्रोत्साहन पुरस्कार | १००००० |
| | | | | नागरिक सचेतना समूह | ५०००० |
| | | वडाका विभिन्न सडक मर्मत | ४५०००० | वडाका विभिन्न सडक मर्मत | ३८०००० |
| | | | | बेथुखर्क हेल्थ युनिट | ७०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडा भित्रका विभिन्न सिंचाई तथा खानेपानी मर्मत | ३००००० | वडा भित्रका विभिन्न सिंचाई तथा खानेपानी पाईप खरिद | ३००००० |
| | | विद्यालय शैक्षिक सुधार कार्यक्रम | २००००० | विद्यालय व्यवस्थापन | २००००० |
| | | साविक ज्यामिरे वडा नं. ८ मा भीमसेन मन्दिर निर्माण | २००००० | साविक ज्यामिरे वडा नं. ७ मा भिमसेन मन्दिर निर्माण | २००००० |
| १० | १० नं.वडा स्तरीय कार्यक्रम | पुण्यमाता मा.वि. शैक्षिक सुधार योजना | ३००००० | पुण्यमाता मा.वि. शिक्षक तलब भत्ता | ३००००० |
| | | आम्जानी शहरी स्वास्थ्य केन्द्र भवन मर्मत | ५०००० | आम्जानी शहरी स्वास्थ्य केन्द्र फर्निचर खरिद | ५०००० |
| | | पारादोभान सडक तथा वडाका शाखा सडकहरुको निर्माण तथा स्तरोन्नती | ४५५००० | वडाका शाखा सडकहरुको निर्माण तथा स्तरोन्नी | २५५००० |
| | | कालिका मा.वि. शैक्षिक सुधार योजना | १५०००० | कालिका मा.वि. तलब भत्ता | १५०००० |
| | | भिलेज प्रोफाइल निर्माण | ७०००० | समाजसेवी महिला बहुउद्देश्य सहकारी लिमिटेड पूर्वाधार निर्माण | ५०००० |
| | | क्षमता विकास अभिमूखीकरण कार्यक्रम | ५०००० | ढुङ्ग्रेबाँस हुँदै बन भवन सडक निर्माण | ५०००० |
| | | शिव मन्दिरदेखि स्वामीको फेदसम्म मोटरबाटो निर्माण | २०००० | भैपरी खर्च | २४०००० |
| ११ | ११ नं.वडा स्तरीय कार्यक्रम | अल्ले विप्लाटे सडक मर्मत तथा सोलिङ | १५०००० | अल्ले विप्लाटे खानेपानी योजना | २००००० |
| | | विप्लाटे मन्दिर संरक्षण | ५०००० | | |
| | | वडा स्तरीय पूँजीगत सुधार (वडा स्तरीय सडकहरु) | १५००००० | सामुदायिक रेडियो तथा पत्रपत्रिका | ५०००० |
| | | | | मर्मत सुधार तथा भैपरी खर्च | ३००००० |
| | | | | वडा स्तरीय सडकहरु मर्मत सुधार तथा इन्धन | ११५०००० |
| | | ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र व्यवस्थापन | ५०००० | ज्येष्ठ नागरिक तिर्थ यात्रा | ५०००० |
| १२ | १२ नं.वडा स्तरीय कार्यक्रम | बालवालिकाहरुको मनोरञ्जनात्मक कार्यक्रम | १००००० | सिद्धिचरण नगरपालिका अन्तर्गका मा.वि.स्तरीय छात्रा भलिबल प्रतियोगित सञ्चालन | २००००० |
| | | वडा खेलकूद विकास कार्यक्रम | १००००० | | |
| | | सित्तलपुर देखि लिपेखोला जाने सडक मर्मत तथा स्तरोन्नती | २००००० | साप्ताहिक हाटमा पशुपन्छी बेचविखन कक्ष निर्माण | २००००० |
| | | आकस्मिक कार्यको लागि भैपरी आउने खर्च | ३००००० | विविध खर्च | २००००० |
| | | गोगुने खड्काटोल चैनपुरे टोलसम्म भुजापाते खानेपानी लाईन विस्तार योजना | ३००००० | गोगुने खड्काटोल चैनपुरे टोलसम्म भुजापाते खानेपानी लाईन विस्तार योजना | ४००००० |
| | | **जम्मा** | १२७४५००० | | १२६९५००० |

| नगरस्तरी योजना/कार्यक्रम तथा बजेट | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | बजेट/कार्यक्रमको क्षेत्र | चालु आ.व.मा स्वीकृत कार्यक्रम तथा बजेट | | संशोधन गरिएको योजना/कार्यक्रम तथा बजेट | |
| | | कार्यक्रम | बजेट रु. | कार्यक्रम | बजेट रु. |
| १ | महिला, बालाबालिक तथा समाज कल्याण उप-शाखा | ज्येष्ठ नागरिक दिवासेवा केन्द्रमा आउन जान गाडी भाडा | ५०००० | सुरक्षा अवास गृह व्यवस्थापन खर्च | ५०००० |
| २ | पूर्वाधार विकास शाखा | उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम | ३००००० | पूर्वाधार विकास समिति अनुगमन तथा अवलोकन कार्यक्रम | १५०००० |
| | | कालिगढ तालिम (NBC अनुरुप भवन निर्माण कार्यान्वयनका लागि) | २००००० | कालिगढ तालिम (NBC अनुरुप भवन निर्माण कार्यान्वयनका लागि) | ३५०००० |
| ३ | सूचना प्रविधि शाखा | कलर प्रिन्टर खरिद | ७००००० | बजार क्षेत्रमा जडान गरिएको सि.सि. क्यामेरा मर्मत | ४५०००० |
| | | | | डि.एस.एल.आर. क्यामेरा खरिद | २५०००० |
| | | कार्यालयमा अनलाईन विद्युतीय हाजिरी जडान | १५०००० | कार्यालयमा नेटवर्किङ जडान | १५०००० |
| ४ | पशुसेवा शाखा | अण्डामा आत्मा निर्भर तथा पारिवारिक पोषण सुरक्षामा सुधार कार्यक्रम | ४५०००० | आ.व.०७९/८० को बित्तीय सामानीकरणको तर्फको ओखलढुङ्गा साप्ताहिक हाटमा पशुपन्छी बेचविखन कक्ष निर्माण (वडा नं. १२ को सहकार्यमा) | ४५०००० |
| | | वर्षे टियोसेन्टी (मकैचरी) घाँसको बिउ खरिद ढुवानी तथा वितरण | १००००० | कृत्रिम गर्भाधान गर्ने प्राविधिकलाई कृ.ग.रेकर्डका आधारमा प्रति गाई/भैसी वापत दिने पारिश्रमिक | १००००० |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा | नगर शिक्षा योजना निर्माण | ३००००० | सामुदायिक विद्यालयका कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कन पुस्तिका/पोटफोलियो छपाई तथा वितरण | ४५०००० |
| | | प्र.अ. बैठक गोष्ठी | २५०००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | स्वास्थ शाखा | खोप केन्द्र भवन निर्माण | ९००००० | खोप केन्द्र भवन निर्माण वडा नं. १ सिद्धिचरण न.पा. | ४५०००० |
| | | | | खोप केन्द्र भवन निर्माण वडा नं. ३ सिद्धिचरण न.पा. | ४५०००० |
| ७ | नगरस्तरीय कार्यक्रम | | | नयाँ भवनमा कार्पेटिङ | ९००००० |
| | | | | नयाँ भवनमा पर्दा तथा सभा हल व्यवस्थापन | ९००००० |
| | | | | नयाँ भवनमा मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीको कार्य कक्ष व्यवस्थापन | १०००००० |
| | | **जम्मा** | ३४००००० | | ६१००००० |

## ७. तत्काल सञ्चालन गर्ने गरी ११ औं नगर सभाबाट स्वीकृत आयोजना/कार्यक्रम तथा विनियोजित वजेट

| सि.नं. | स्वीकृत आयोजना तथा कार्यक्रमको नाम | बजेट रु. |
|---|---|---|
| १ | असिने खानेपानी योजना दलित टोल सिद्धिचरण नगरपालिका वडा नं. ३ | २००००० |
| २ | दुर्गा मन्दिर नजिक सामुदायिक भवन निर्माणलाई निरन्तरता सिद्धिचरण नगरपालिका वडा नं. ९ | ३००००० |
| ३ | नवराज प्रधानको घरदेखि सुमित घिमिरेको घरसम्म जोड्ने मोटरबाटो सिद्धिचरण न.पा. ४ | २००००० |
| ४ | शेर्पा संघको स्याब्रु प्रशिक्षण तालिम, ओखलढुङ्गा | १५०००० |
| ५ | सेतिदेवी स्वास्थ्य महिला समूह बाखे सामुदायिक भवन मर्मत सिद्धिचरण न.पा. वडा नं. ६ | ३००००० |
| ६ | रयाले सामाजिक गुठी भवन निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ५ | ३००००० |
| ७ | भुजेल गुठी जनचेतना भाषा कार्यक्रम सिद्धिचरण नगरपालिका वडा नं. ७ | १५०००० |
| ८ | सामुदायिक गुठी घर सार्कीगाउँ सिद्धिचरण नगरपालिका वडा नं. २ | २००००० |
| ९ | विश्वकर्मा बाबा मन्दिर सिद्धिचरण नगरपालिका वडा नं. २ | १००००० |
| १० | तिनकन्या कालिकादेवी समाज भवन निर्माण ओखरबोट, सिद्धिचरण नगरपालिका वडा नं. ३ | ६५०००० |
| ११ | कराते तालिम कार्यक्रम सिद्धिचरण नगरपालिका वडा नं. २ | ५०००० |
| १२ | लाखे जात्रा कार्यक्रम सिद्धिचरण नगरपालिका वडा नं. ११ र १२ | १००००० |
| १३ | तलुवा खेल मैदान सिद्धिचरण नगरपालिका वडा नं. १ | ३००००० |
| १४ | सिताराम खतिवडाको घरदेखि नरेन्द्र कार्कीको घरसम्म आउने बाटो मर्मत सिद्धिचरण नगरपालिका वडा नं. ४ | १५०००० |
| १५ | बसपार्क देखि ठूलाघर हुँदै कटुञ्जेसम्म बाटो मर्मत सिद्धिचरण नगरपालिका वडा नं. ११ | ४००००० |
| १६ | लगलगे ढल निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ८ | १५०००० |
| १७ | लगलगे खेलकूल ग्राउण्ड मर्मत सिद्धिचरण नगरपालिका वडा नं. ८ | ५०००० |
| १८ | नारायणस्थान मा.वि. फर्निचर सिद्धिचरण नगरपालिका वडा नं. ३ | ६५०००० |
| १९ | नारायणस्थान मा.वि. शौचालय निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ३ | ६००००० |
| २० | जिल्ला खेलकूद विकास समितिलाई नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता खेल तयारी | ३००००० |
| २१ | साईक्लिङ ट्रेल निर्माण तथा साईक्लिङ प्रतियोगिता | ५००००० |
| २२ | गहते मलामी प्रतिक्षालय सिद्धिचरण नगरपालिका वडा नं. ९ | ५०००० |
| २३ | निघुर्नी खानेपानी मुहान संरक्षण सिद्धिचरण नगरपालिका वडा नं. १० | १०००००० |
| २४ | सिद्धिचरण न.पा. वडा नं. १० देखि सिद्धिचरण नगरपालिका वडा नं. ८ सम्म सडक निर्माण | ३००००० |
| २५ | तमु गुरुङ भाषा प्रशिक्षण कार्यक्रम, ओखलढुङ्गा | १५०००० |
| २६ | सुभकन्यादेवी सामुदायिक दलित भवन मर्मत सिद्धिचरण नगरपालिका वडा नं. ३ | ३००००० |
| २७ | खाल्टे तिलवारी सडक सिद्धिचरण नगरपालिका वडा नं. ३ | २००००० |

| | | |
|---|---|---|
| २८ | आरुबोट नजज्योति मा.वि. मैदाने मोटरबाटो मर्मत सिद्धिचरण नगरपालिका वडा नं. ६ | ६००००० |
| २९ | शिक्षक तलब जन्तरखानी मा.वि. सिद्धिचरण नगरपालिका वडा नं. ६ | १००००० |
| ३० | रमाइलो डाँडा ढल निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ११ | ५००००० |
| ३१ | पाटीधारादेखि सिंचाई कार्यालय हुँदै आयुर्वेद जाने सडक मर्मत सिद्धिचरण न.पा. वडा नं. १२ | ४००००० |
| ३२ | असिने खानेपानी योजना सिद्धिचरण नगरपालिका वडा नं. ३ | ७५००० |
| ३३ | रक्तमाला आ.वि.आँगे जोरधारा शिक्षक तलब | १००००० |
| ३४ | विभिन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन (परामर्श सेवा) | २०००००० |
| ३५ | प्रधानमन्त्री रोजगार कार्यक्रम समपूरक कोष | ४५००००० |
| ३६ | प्र.अ. तथा शिक्षक डायरी | ८००००० |
| ३७ | प्र.अ. भत्ता (साविक उ.मा.वि. मासिक रु.२५००।-, मा.वि. कक्षा १-१० मासिक रु.२०००।-, आधारभूत १-८ मासिक रु.१५००।- आधारभूत १-५ मासिक रु.१०००।- मिति २०७९ माघ १ गतेदेखि) | ४००००० |
| ३८ | पाइप खरिद | ५००००० |
| ३९ | भैपरी आउने पूँजीगत तथा चालु खर्च | ३५००००० |
| ४० | टक्सार नयाँ सडक गल्छी नियन्त्रण सिद्धिचरण नगरपालिका वडा नं. ७ | ३००००० |
| ४१ | मेची महाकाली बुहारी संयुक्त आवाज सहयोग, ओखलढुङ्गा | ५०००० |
| ४२ | दमाई खोला खा.पा. योजना सिद्धिचरण नगरपालिका वडा नं. ५ | २००००० |
| ४३ | जिल्ला वन कार्यालयदेखि शंकर राजभण्डारीको घरसम्म ढल निर्माण सिद्धिचरण नगरपालिका वडा नं. १२ | ४००००० |
| ४४ | शिक्षक सिकाई सहयोग अनुदान | २२००००० |
| ४५ | सहकारी भवन पूर्वधार व्यवस्थापन सिद्धिचरण नगरपालिका वडा नं. २ | ३००००० |
| ४६ | भुन्टे झाक्री प्रतिक्षालय सिद्धिचरण नगरपालिका वडा नं. २ | १००००० |
| ४७ | निर्वाचन कार्यालय देखि मेघ बहादुर के.सी. को घर हुँदै जालपा मा.वि. जाने सडक स्तरोन्नती | ३००००० |
| ४८ | मतादाता शिक्षा कार्यक्रम सञ्चालन तथा कार्यकर्ता पारिश्रमिक | २००००० |
| ४९ | जग्गा वर्गीकरणका लागि परामर्श सेवा | १५००००० |
| ५० | मोटरसाईकल खरिद | १०००००० |
| ५१ | सिद्धिचरण नगरपालिका वडा नं. ३ को वडा कार्यालय फर्निचर खरिद | १००००० |
| ५२ | कयरे समाज सेवा गुठी फर्निचर सिद्धिचरण नगरपालिका वडा नं. १२ | ५०००० |
| | **जम्मा** | **२७९७५०००** |